श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२५६

पुनरावेदन नं. ०७७-RB-०३२६

**मुद्दाः- आयकर (२०७३/०७४) ।**

पुजा इन्टरनेशनल नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०५०१६२७२) को संचालक बिशाल अग्रवाल ऐ. ऐ. कम्पनीको संचालक निकुञ्ज अग्रवाल र ऐ. ऐ. कम्पनीको संचालक त्रिलोक चन्द्र अग्रवालसमेत........................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट................................................१

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर....................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७६/०३/३१

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।३।८ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पूजा इन्टरनेशनल नेपाल प्रा.लि. (३०५०१६२७२) को आ.व.२०७३/०७४ को अनुसन्धानको क्रममा करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात तथा प्रमाणहरु, वयान र विशेषज्ञ प्रतिवेदन समेतको अध्ययन, छानविन गरी सोको आधारमा पेश हुन आएको मिति २०७६।०३।१५ को विस्तृत अनुसन्धान प्रतिवेदन समेतलाई मुख्य आधार बनाई अनुसन्धान गर्दा प्रस्तुत करदाताको यस आ.व.२०७३/०७४ को सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ५७ बमोजिम नियन्त्रणमा परिवर्तन भएको मिति २०७४।०३।२८ सम्मको शेयरधनीहरु विशाल अग्रवाल, निकुञ्ज अग्रवाल, त्रिलोक चन्द्र अग्रवालको लाभ क्रमशःरु.८,५३,३३,३१९।-, रु.१,८६,६६,६६४।- र रु.४,२६,६६,६५९।- मा आयकर ऐन, २०५८ को अनुसूचि १ को दफा १ (४) (ख) बमोजिम १० प्रतिशतले हुने रकम क्रमशः रु.८५,३३,३३२।-, १८६६६६६।- र रु.४२,६६,६६६।- मा ऐ.ऐनको दफा १२०(क) बमोजिमको शुल्क, दफा ११९ बमोजिमको व्याज र दफा ११७(१) (ग) बमोजिम ढिला दाखिला शुल्क समेत गणना गरी शेयरधनीहरुको जम्मा हुन आउने रकम माग गर्नुपर्ने देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि रु.२,६६,५६,६६०।- दाखिला माग गर्नुपर्ने भएकोले १५ (पन्ध्र) दिन भित्र दाखिला गर्नु हुन वा यस अघि नै दाखिला गरी सकेको वा दाखिला गर्न नपर्ने भए सोको प्रमाण पेश गर्ने आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६/०३/१५ मा सूचना जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताहरुको नाउँमा मिति २०७६/०३/१५ मा जारी भएको सूचना सवै करदाताले मिति २०७६/०३/२० मा बुझी लिई सो को लिखित जवाफ म्यादभित्रै मिति २०७६/०३/३१ मा जवाफ पेश गरेको।

३. शेयरधनीहरु विशाल अग्रवाल, निकुञ्ज अग्रवाल र त्रिलोक चन्द्र अग्रवालको लाभ रकम रु.१४,६६,६६,६४१।- मा आयकर ऐन, २०५८ को अनुसूचि १ को दफा १

को उपदफा (४)(ख) बमोजिम १० प्रतिशतले हुने हुने रकम रु.१,४६,६६,६६४।- कर निर्धारण गरी सोही ऐनको दफा १२० बमोजिम शुल्क, दफा ११९ बमोजिम लाग्ने व्याज र दफा ११७ बमोजिम ढिला दाखिला शुल्क समेत गणना गर्ने गरी आयकर, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/३१ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०३।३१ मा भएको कर निर्धारण आदेशमा चित्त नबुझाई करदाताहरु श्री विशाल अग्रवाल, निकुन्ज अग्रवाल र त्रिलोक चन्द्र अग्रवालले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा मिति २०७६।०६।०८ मा संयुक्त रुपमा पेश गरेको निवेदन।

५. पूजा ईन्टरनेशनल प्रा.लि. लाई निर्धारण भएको लाभ कर करदातावाट पेश हुन आएको वित्तिय विवरण र सोका साथ संलग्न व्यवसाय र लगानीका रकमहरूको विवरण विभिन्न प्रमाणित श्रोतवाट लिई त्यसको वजार मुल्य (**Arm's length Principle)** अनुसार लाभ कायम गरिएको हुँदा ठूला करदाता कार्यालयले आयकर ऐनको अनुसुची १ को उपदफा (४)(ख) वमोजिम गरेको कर निर्धारण, दफा १२०(क) वमोजिमको शुल्क, दफा ११९ वमोजिमको व्याज र दफा ११७(१)(ग) वमोजिमको ढिला शुल्क दाखिला गर्न गरेको निर्णय कानुन सम्मत नै दखिँदा प्रस्तुत विवादका सन्दर्भमा करदाताको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय।

६. आन्तरिक राजस्व विभाग समेतबाट निर्णयको क्रममा पहिलो आधार प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त प्रतिनिधि सुनिल श्रेष्ठले मिति २०७३।०३।०९ मा दिनु भएको बयानको सवाल नं.१०, १६ र १७ मा दिएको जवाफमा स्वामित्व परिवर्तनलाई करदाताले स्वीकार गरेको देखिन्छ भनि सोहि आधारमा कर निर्णधारण गरेको देखिन्छ। साविकका हिताधिकारीहरुले नयाँ हिताधिकारीलाई बिक्रकी गर्दा निश्चित रकम मुनाफा लिई बिकी गरेको हुन्छ सोहि मुनाफामा करदाताले ऐनको दफा ३७ बमोजिम लाभ कर तिर्नु पर्ने हुन्छ भनि गरिएको कर निर्धारण आदेश बदर योग्य छ किनकि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४।०३।२७ को निर्णयको अनुसार पुजा ईन्टरनेशनल नेपाल प्रा.लि. को शेयर धनिहरु बीच भएको शेयर खरिद बिक्रिको आधार देखाई आयकर ऐन, २०५८ को दफा ५७ को अवस्था विद्यमान रहेको भनि हामी पुनरावेदकको सम्पत्तिको निसर्गबाट प्राप्त खुद लाभ कायम हुने भएकोले सोही दफा बमोजिम मुनाफा र लाभमा समावेश हुने गरी कर निर्धारण

गरिएको थियो तर जगदिश प्रसाद अग्रवालले हामी पुनरावेदक समेतलाई विपक्षी बनाई मोरङ्ग जिल्ला अदालतमा दे.नं. ०७५-CP-२५४३ को शेयर बिक्री लिखत बदर निर्णय बदर, दा. खा. दर्ता वदर, दर्ता कायम मुद्दा गरेकोमा सोमा निर्णय भई कम्पनीको शेयर खरिद विक्री सम्बन्धमा भएको शेयर खरिद विक्रिका निर्णयहरु बदर गरी पूर्ववत् अवस्थामा कायम हुने गरी मिति २०७६।१२।०५ मा फैसला गरिदिएको हुँदा बिपक्षी कार्यालयहरुले कर निर्धारण गर्दा लिएको अवस्था विद्यमान नरहेकोले उक्त कर निर्धारण आदेश बदर गरी पुनरावेदन जिकिर अनुसार कर दायित्वबाट उन्मुक्तिपाउँ भन्ने समेत व्यहोराको करदाता विशाल अग्रवाल, निकुन्ज अग्रवाल, र त्रिलोक चन्द्र अग्रवालले संयुक्त रुपमा मिति २०७७।०७।२३ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/२३ मा भएको आदेश।

८. यसमा वादी जगदिश प्रसाद अग्रवाल प्रतिवादी पूजा इन्टरनेशनल नेपाल प्रा.लि. समेत भएको २०७५-CP-२५४३ को शेयर विक्री लिखत बदर निर्णय बदर दा.खा.दर्ता बदर दर्ता कायम मुद्दामा मोरङ्ग जिल्ला अदालतबाट मिति २०७६।१२।५ मा भएको फैसलाको प्रमाणित प्रतिलिपी मोरङ्ग जिल्ला अदालतबाट झिकाउनु। साथै, मोरङ्ग जिल्ला अदालतबाट ०७६-CP-२५४३ को शेयर विक्री लिखत बदर निर्णय बदर दा.खा.दर्ता कायम मुद्दामा मिति २०७६।१२।५ मा भएको फैसला बमोजिम अद्यावधिक गरिएको पूजा इन्टरनेशनल  प्रा.लि.को शेयरवालाहरुको दर्ता अभिलेखको प्रमाणित प्रतिलिपी कम्पनी रजिष्ट्रारको कार्यालयबाट झिकाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।४।१५ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले लाभ करका सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश आत्मनिष्ठ भएको र स्वामित्व परिवर्तनलाई आधार लिई लाभकर निर्धारण भएकोमा सो अवस्था हाल विद्यमान नहुँदा उक्त निर्णय बदर गरी पाउँ भनी तथा प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले लाभ करका सम्बन्धमा भएको संशोधित कर निर्धारण आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको लाभ करका सम्बन्धमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयसमेत मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

११. अव पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिर सम्बन्धमा दृष्टि दिँदा, ठूला करदाता कार्यालयबाट लाभ करका सम्बन्धमा कर निर्धारण गर्दा अनुसन्धानको क्रममा पेश हुन आएको आय विवरणको साथ संलग्न कागजात तथा प्रमाणहरु, वयान र विशेषज्ञ प्रतिवेदन समेतको आधारमा करदाता पूजा ईन्टरनेशनलको आयकर ऐन, २०५८ को दफा ५७ बमोजिम शेयरको नियन्त्रणमा परिवर्तन आएको हुँदा मिति २०७४।३।२८ सम्मको शेयरधनीहरु विशाल अग्रवाल, निकुन्ज अग्रवाल र त्रिलोक चन्द्र अग्रवालको लाभमा क्रमश रु. ८,५३,३३,३१९।-, रु.१,८६,६६,६६४।- र रु.४,२६,६६,६५९।- मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (४) को खण्ड (ख) बमोजिम १० प्रतिशतले हुने कर रकम क्रमश., रु.८५,३३,३३२।- , रु.१८,६६,६६६।- र रु.४२,६६,६६६।- मा ऐ.ऐनको दफा १२०(क) बमोजिम शुल्क, दफा ११९ बमोजिमको ब्याज र दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको ढिला शुल्क समेत गरी रु.२,६६,५६,६६०।- माग गर्ने भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। संशोधित कर निर्धारणको क्रममा करदाताको तर्फबाट अख्तियार प्राप्त प्रतिनिधि सुनिल श्रेष्ठले मिति २०७६।०३।०९ मा कर कार्यालय समक्ष दिएको वयानको सवाल जवाफ नं.१०,१६ र १७ मा स्वामित्व परिवर्तनलाई करदाताबाट स्वीकार गरेको भन्ने आधार लिएको देखिन्छ। करदाताले आफ्नो पुनरावेदन पत्रमा ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व विभागबाट कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४।३।२७ को निर्णय बमोजिम पुजा ईन्टरनेशनल नेपाल प्रा.लि.को शेयर धनीहरु बीच भएको शेयर खरिद विक्रीलाई आधार बनाई आयकर ऐन, २०५८ को दफा ५७ को अवस्था विद्यमान रहेको भन्ने आधार लिई पुनरावेदकको सम्पत्तिको निसर्गबाट प्राप्त खुद लाभ कायम हुने भएकोले सोही दफा बमोजिम मुनाफा र लाभमा समावेश हुने गरी कर निर्धारण गरेको भएतापनि जगदिश प्रसाद अग्रवालले पुनरावेदकहरुलाई विपक्षी बनाई मोरङ्ग जिल्ला अदालतमा दायर गरेको ०७५-CP-२५४३ को शेयर विक्री लिखत बदर निर्णय बदर, दा.खा दर्ता बदर, दर्ता कायम मुद्दा दर्ता गराएकोमा सो सम्बन्धमा उक्त मोरङ्ग जिल्ला अदालतबाट मिति

२०७६।१२।०५ मा भएको फैसलाको क्रममा कम्पनीको शेयर खरिद विक्री सम्बन्धमा भएको खरिद विक्रीका निर्णयहरु बदर भई पूर्ववत अवस्थामा कायम हुने ठहर भएकोले प्रत्यर्थी कर कार्यालयले कर निर्धारणको क्रममा लिएको अवस्था विद्यमान नहुने भन्ने व्यहोरा समेत उल्लेख गरेको देखिन्छ। यस सम्बन्धमा यसै न्यायाधिकरणबाट मिति २०७९।४।१५ मा वादी जगदिश प्रसाद अग्रवाल, प्रतिवादी पूजा ईन्टरनेशनल नेपाल प्रा.लि.समेत भएको ०७५-CP-२५४३ को शेयर विक्री लिखत बदर निर्णय बदर, दा.खा दर्ता बदर, दर्ता कायम मुद्दाका सम्बन्धमा मोरङ्ग जिल्ला अदालतबाट मिति २०७६।१२।५ मा भएको फैसलाको प्रमाणित प्रतिलिपी र सो फैसला पश्चात अद्यावधिक गरिएको पूजा ईन्टरनेशनल प्रा.लि.को शेयरवालाहरुको दर्ता अभिलेखको प्रमाणित प्रतिलिपी कम्पनी रजिष्ट्रार कार्यालयबाट झिकाउन आदेश भई माग बमोजिमको कागजात मिसिल संलग्न भएको देखिन्छ। यसरी शेयर विक्री लिखत बदर, निर्णय बदर, दा.खा.दर्ता बदर, दर्ता कायम सम्बन्धी ०७५-CP-२५४३ नं.को मुद्दामा मोरङ्ग जिल्ला अदालतबाट प्राप्त फैसलाको ठहर खण्डमा वादी प्रतिवादीका बीच मिति २०७५।२।११ मा भएको मिलापत्रको शर्त समेतका आधारमा पूजा ईन्टरनेशनल नेपाल प्रा.लि.को मिति २०७४।३।२७ र मिति २०७४।३।२९ मा भएको ५,५०,०००।- कित्ता शेयर खरिद विक्रीको लिखत र पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि.को मिति २०७४।३।२५ र २०७४।३।२८ मा भएको २,९३,७५० कित्ता शेयर खरिद विक्रीको लिखत र सो बमोजिम भएका निर्णयहरु बदर भई ४ भागको दुई भाग शेयर वादीको नाममा कायम हुने भन्ने व्यहोरा उल्लेख भएको, सो बमोजिमको फैसला कार्यान्वयन पश्चात शेयर स्वामित्वमा समेत हेरफेर भएको अवस्था देखिएको सन्दर्भमा ठूला करदाता कार्यालयबाट भएको लाभ कर गणना सम्बन्धी संशोधित कर निर्धारण आदेश र सो लाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत यथावत कायम रहन नसक्ने भई बदर गर्नु पर्ने देखियो।

१२. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री पूजा इन्टरनेशनल प्रा.लि.(स्थायी लेखा नं.३०५०१६२७२) को संचालकहरु विशाल अग्रवाल, निकुन्ज अग्रवाल र त्रिलोक चन्द्र अग्रवालको आ.व. २०७३/०७४ को संशोधित कर निर्धारण गर्दा मिति २०७४।०३।२८ को शेयर खरिद विक्रीलाई आधार मानी स्वामित्वमा परिवर्तन भएको भन्ने आधारमा मिति २०७६।०३।३१ मा संशोधित कर निर्धारण भएको र सोही निर्णय विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा सदर भएकोमा मिति २०७४।०३।२८ को शेयर खरिद विक्रीको लिखत मोरङ्ग जिल्ला अदालतबाट ०७५-CP-२५४३ को मुद्दामा मिति २०७६।१२।०५ मा बदर भएको परिप्रेक्षमा उक्त दुवै तहबाट भएका लाभ कर

निर्धारण सम्बन्धी निर्णयहरु मिलेको नदेखिँदा बदर हुने ठहर्छ। अव कम्पनी रजिष्ट्रार कार्यालयमा रहेको करदाताको शेयर स्वामित्वको वास्तविक अभिलेख हेरी पुनःसंशोधित कर निर्धारण गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाईदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम करदाता श्री पूजा इन्टरनेशनल नेपाल प्रा.लि.(स्थायी लेखा नं.३०५०१६२७२) को संचालकहरु विशाल अग्रवाल, निकुन्ज अग्रवाल र त्रिलोक चन्द्र अग्रवालको कम्पनी रजिष्ट्रार कार्यालयमा रहेको शेयर स्वामित्वको वास्तविक अभिलेख हेरी पुनःसंशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालयमा पठाईदिने ठहरी फैसला भएको हुँदा सो बमोजिमको कार्य गर्नू भनी यो फैसलाको प्रतिलिपी सहित मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा लेखि पठाईदिनू।
२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र १२ गते रोज १ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप